# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ती

(आम सञ्चार माध्यममा तत्काल उपयोगका लागि)
२०७२ भदौ २५ गते

## सेना फिर्ता गरी सार्थक वार्तामा बस्न आग्रह

संविधान निर्माण प्रकृयाको सन्दर्भमा प्रदेशहरूको सिमांकन लगायतको विषयलाई लिएर देशका तराइ/मधेश तथा अन्य पहाडी भागहरूमा भईरहेका विभिन्न आन्दोलनहरुको आयोगका पदाधिकारीको नेतृत्वमा रहेको उच्चस्तरीय टोलीले २० जिल्लाको अनुगमन गरेको छ। ती जिल्लाहरुको अनुगमनबाट हालसम्म ३५ जनाको मृत्यु, सयौं व्यक्तिहरु घाईते तथा सार्वजनिक र नीजि सम्पतिको क्षति भएको पाइएको छ।

अनुगमनको क्रममा सुरक्षाकर्मीहरुबाट म्याद नाघेका अश्रुग्याँसका सेलहरुको प्रयोग भएको, घातक हतियारहरुको व्यापक रुपमा प्रयोग गरी आन्दोलनमा दमन गरिएको देखिन्छ। सुरक्षाकर्मीहरुको गोली लागी मृतक तथा घाईतेहरुको टाउको, छाति, पेटजस्ता अङ्गहरुमा देखिएका चोटहरुबाट अत्यधिक बल प्रयोग भएको र यसबाट, बल प्रयोग गर्न पाउने सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको अक्षरश: पालना भएको देखिँदैन । यस्तै, आन्दोनकारीहरूको आन्दोलनमा प्रयोग भएका घरेलु हतियारहरु, सुतली वम, पेट्रोल वम, विष्फोटक र प्रज्वलनशील पदार्थहरुको प्रयोगबाट उनीहरुको आन्दोलन अनियन्त्रित भई प्रहरी कार्यालयहरु लगायतका सार्वजनिक सम्पति तोडफोड समेतका घटनाहरुले आन्दोलनरत राजनीतिक दलहरुको आन्दोलन शान्तिपूर्ण हुने भनि गरिएको प्रतिबद्धताको परिपालना भएको देखिएन।

उल्लिखित अवस्थाको कारण निरन्तर भईरहेको अनिश्चितकालीन बन्द हड्ताल र त्यसलाई सम्बोधन गर्न सरकारले प्रभावकारी पहल गर्न नसक्दा सर्वसाधारणहरुका विभिन्न अधिकारहरुको प्रचलनमा व्यापक मात्रामा अवरोध भइरहेको छ। शान्ति सुरक्षा र धनजनको क्षति न्युन गर्न स्थानीय प्रशासनले क्रमिकरुपमा कर्फ्यु र दङ्गा क्षेत्र घोषणा गरी सेना उतार्दा सर्वसाधारण नागरिकहरुमा भय र त्रासको वातावरण उत्पन्न भई स्वतन्त्र र भयरहित वातावरणमा आफ्ना अधिकार उपभोग गर्न पाउने अधिकार कुण्ठित रहने अवस्था उत्पन्न भएको छ। तसर्थ सरकार वा स्थानीय प्रशासनले सेनालाई तत्काल फिर्ता गरी आन्दोलनकारी दलहरुले शान्तिपूर्ण रुपमा आफ्ना माग प्रस्तुत गरी सरकार र आन्दोलनरत दुवैपक्ष तत्काल वार्ताको टेबलमा बसी सार्थक वार्तादवारा समस्याको समाधानको लागि जिम्मेवार हुन आयोग दुवै पक्षलाई आव्हान गर्दछ।

...............................
मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org